# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०७६/०६/०२

### प्रेस विज्ञप्ती

बिभिन्न राजनितिक आन्दोलन तथा द्वन्द्धात्मक अवस्था पारगर्दै नेपाल अहिलेको अवस्थामा आईपुगेको छ । देशको शासकिय स्वरुप परिवर्तन भएको छ । सोही अनुसार तीनतहका सरकारहरु क्रियाशिल रहेका छन् । लोकतान्त्रीक संविधानले नागरिकहरुलाई अधिकार सम्पन्न बनाएको छ । अहिले त्यसको ब्यावहारी कार्यान्वयनको अभ्यास भैरहेको छ । नयाँ ब्यबस्था भएकाले कार्यान्वयनमा केहि चुनौती देखिनु स्वभाविक हो । तरपनि देखिएका समस्याहरुलाई सामाधान गर्दै अगाडी बढी रहेका छौं ।

द्वन्द्धका डोवहरु अझै मेटिएका छैनन् । द्वन्द्धका कारण ठुलो धनजनको क्षति ब्यहोरेको नेपाल भर्खर तङ्ग्रिदै छ । द्वन्द्धकालकै झझल्को दिने गरि २०७६ साल असोज १ गते राती धनगढी उप-महानगरपालिका वडा नं ८ को कार्यालयमा भएको आगजनी प्रति हाम्रो गम्भीर ध्यान आकर्षण भएको छ । गैह्र कानुनी कार्यको निन्दा गर्दछौं । सार्वजनिक सम्पत्तीमा आगजनी गरेर समस्याको समाधान हुन सक्दैन भन्ने हाम्रो विश्वास छ । सेवा प्रवाह प्रति केही गुनासो र सुझावहरु भए सदैव धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिका सुधार र सुदृढीकरण गर्न सदैव तत्पर रहेको ब्यहोरा आम नगरवासी प्रति सादर अनुरोध गर्दछौं ।

नृप बहादुर वड

नगर प्रमुख